# MEDIA ADVISORY

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

**सङ्क्रमणकालीन न्याय संयन्त्रहरू तथा फौजदारी न्याय प्रणालीबीचको सम्बन्ध**

२०६७ चैत १५

*काठमाडौं* – नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (उच्चायुक्तको कार्यालय-नेपाल)ले "*सङ्क्रमणकालीन न्याय संयन्त्र र फौजदारी न्याय प्रणालीबीचको सम्बन्धः* के द्वन्द्वसँग सम्बन्धित मानवअधिकार तथा मानवीय कानुनका उल्लङ्घन र दुर्व्यवहारलाई सत्य निरूपण तथा मेलमिलाप आयोगको स्थापना गर्ने प्रतिबद्धताको आधारमा स्थगन गर्न वा पर सार्न सकिन्छ ?" विषयक कानुनी रायपत्र आज जारी गरेको छ।

यस पत्रले राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अपराध मानिने द्वन्द्वसँग सम्बन्धित मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लङ्घनसम्बन्धी फौजदारी जवाफदेहीतालाई नियमित न्यायिक प्रणालीद्वारा निरन्तर हेरिनुपर्छ भन्ने कुरा बताउनुका साथै त्यस्ता संयन्त्र स्थापना गर्ने प्रतिबद्धता गरेकै कारण त्यसलाई भावी सङ्क्रमणकालीन न्याय संयन्त्रहरूमा पठाउन अथवा पछि सार्न मिल्दैन भनेको छ।

"पीडितहरूको उचित उपचार पाउने अधिकार सदैव लागु हुने" भएकाले "सङ्क्रमणकालीन न्याय संयन्त्रको स्थापना गर्ने प्रतिबद्धता गरेको भनेर नियमित फौजदारी न्यायिक प्रणालीलाई निलम्बनको अवस्थामा राख्न सकिँदैन", भनी उच्चायुक्तको कार्यालयले पत्रमा उल्लेख गरेको छ।

उच्चायुक्तको कार्यालयले पत्रमा व्यक्त यस दृढतालाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अभिसन्धिलगायतका अन्तर्राष्ट्रिय सन्धिअन्तर्गत तथा प्रथागत अन्तर्राष्ट्रिय कानुनअन्तर्गत मुलुकका दायित्वहरू एवं नेपालको विद्यमान कानुनी संरचना दुवैको विश्लेषण गरेर बलियो बनाएको छ।

कतिपय द्वन्द्वोत्तर मुलुकरूमा, सङ्क्रमणकालीन न्याय संयन्त्रहरूको स्थापना भइसकेको छ र मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्बन्धमा सत्य निरूपण गर्ने र पीडितका लागि न्याय र परिपूरणको मार्ग खोलिदिनेलगायतका व्यापक उद्देश्यहरू हासिल गरिसकिएका छन्। सत्य निरूपण तथा मेलमिलाप आयोगजस्ता सङ्क्रमणकालीन न्याय संयन्त्रहरू र नियमित फौजदारी न्यायिक प्रणालीले पीडितहरूको प्रभावकारी न्यायिक उपचारको अधिकार सुनिश्चित गर्न एकअर्काको पूरक भएर काम गर्नैपर्छ।

**यो दस्तावेज ओएचसीएचआर-नेपालको http://nepal.ohchr.org. वेभसाइटमा राखिनेछ।**

Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937